आकाशवाणी

12-10-25 ---- sun

मुख्य समाचार।

- प्रधानमन्त्रीले यस महीनाको पन्द्रह  तारीख बिहारमा बूथ स्तरका पार्टी कार्यकर्ताहरूसंग भेटघाट गर्नुहुने
- भारत-अस्ट्रेलिया संयुक्त सैन्य अभ्यास "अस्ट्राहिन्द  दुई हजार पचिस " को चौथो संस्करण भोली देखी अस्ट्रेलियाको पर्थमा शुरू हुने
- केन्द्रीय शिक्षा मन्त्रालयले राज्य र केन्द्र शासित प्रदेशहरूको स्कूलले प्रवेश र परीक्षा शुल्क एकत्र गर्नका लागि एकीकृत भुगतान इन्टरफ़ेस-यूपीआई अपनाउने  गरेकोछ आग्रह, अनि
- . भारतका मुख्य न्यायाधीश न्यायमूर्तिले महाराष्ट्रको रत्नागिरी जिलाको मन्दन गढ़ तालुकामा नयाँ सिविल र आपराधिक न्यायालय भवनको  गर्नुभयो उद्घाटन

-------------

26 प्रधानमंत्री-बिहार

प्रधानमन्त्री र भारतीय जनता पार्टीका वरिष्ठ नेता नरेन्द्र मोदीले यस महीनाको पन्द्रह  तारीख बिहारमा बूथ स्तरको पार्टी कार्यकर्ताहरूसंग भेटघाट गर्नुहुनेछ । सोशल मीडिया पोस्टमा उहाँले  पार्टी कार्यकर्ताहरूसंग, **मेरो बूथ सबैभन्दा मजबूत अभियानमा** भाग लिने र आफ्नो अनुभव साझा गर्ने अनुरोध गर्नुभयो। प्रधानमन्त्रीले भन्नुभयो, उहाँ यी सुझावहरूको आधारमा केही छानिँदा कार्यकर्ताहरूसंग सीधा बातचीत पनि गर्नुहुनेछ।

## 17. प्रधानमन्त्री-सेशेल्स-बधाई

प्रधानमन्त्री नरेन्द्र मोदीले सेशेल्सका राष्ट्रपति चुनावमा डाक्टर **पैट्रिक हर्मिनेलाई** जीतका लागि बधाई दिनुभयो। सोशल मीडिया पोस्टमा उहाँले भन्नुभयो, भारत र सेशेल्स-दुबै हिन्द महासागर संग जोड़ीएको देश हो र आकाङ्क्षा तथा आवशयक्ता पनि समान छ। श्री मोदीले विश्वास व्यक्त किया गर्नुभयो , डाक्टर हर्मिनेको कार्यकालमा दुबै देशको वर्षौं पुरानो तथा **बहुआयामी** सम्बन्ध अडै प्रगाढ हुनेछ।

## 28 भारत-अस्ट्रेलिया सैन्य अभ्यास

भारत-अस्ट्रेलिया संयुक्त सैन्य अभ्यास "अस्ट्राहिन्द दुई हजार पचिस" को चौथो संस्करण भोली देखी अस्ट्रेलियाको पर्थमा शुरू हुनेछ। रक्षा मन्त्रालयले बताएकोछ, एक सय बीस सैनिकहरू भएको भारतीय सेनाको एक **टोली** यस वार्षिक अभ्यासमा भाग लिनका लागि हिजो गयो। यसको समापन यस महीनाको छब्बीस तारीख हुनेछ। भारतीय सेनाको यस टोलीको नेतृत्व गोरखा राइफल्सको एक बटालियन र अन्य सेनाहरूको सैनिकले गरिरहेका छन्। मन्त्रालयले भनेकोछ, यस अभ्यासको उद्देश्य सैन्य सहयोगलाई बढ़ाना तथा अन्तर-संचालन क्षमतामा सुधार गर्नु हो। साथै यसमा शामेल हुने सेनाहरूलाई शहरी वा अर्ध-शहरी इलाकाहरूमा उप-पारम्परिक युद्धको क्षेत्रमा रणनीति, तकनीक र प्रक्रियाहरूको आदान-प्रदान गर्नका लागि एउटा मन्च प्रदान गर्नुहो।

## शिक्षा मन्त्रालय - यूपीआई

केन्द्रीय शिक्षा मन्त्रालयले राज्य र केन्द्र शासित प्रदेशहरूको स्कूलले प्रवेश र परीक्षा शुल्क एकत्र गर्नका लागि एकीकृत भुगतान इन्टरफ़ेस-यूपीआई अप्नाउने आग्रह गरेकोछ । यस कदमको उद्देश्य प्रशासनिक प्रक्रियाको आधुनिकीकरण गर्नु हो । राज्य, केन्द्र शासित प्रदेश र एन.सी.ई.आर.टी, सी.बी.एस.ई, के.वी.एस र एन.वी.एस जस्तो स्वायत्त संस्थाहरूको स्कूली शिक्षा र साक्षरता विभागले स्कूलमा वित्तीय लेनदेनलाई सुव्यवस्थित गर्नका लागि यू.पी.आई अपनाउनका लागि जोड दियो । मंत्रालयले ज़ोड  दियो, नकद भुगतानले डिजिटल भुगतानमा बदलावले स्कूल प्रशासनको आधुनिकीकरण हुनेछ र दुई हजार सैतालिस सम्म 'विकसित भारत' लक्ष्यलाई बल मिल्नेछ ।

## दिल्ली- कपिल मिश्रा

दिल्लीका विकास मन्त्री कपिल मिश्राले आज मोडल टाउन मण्डलमा सड़क निर्माण कार्यको शुभारम्भ गर्नुभयो । यस अवसरमा उहाँले भन्नुभयो, मोडल टाउनलाई सुविधायुक्त क्षेत्रका रूपमा स्थापित गर्ने दिशामा यो एउटा ठोस कदम हो। श्री मिश्राले भन्नुभयो, जनताको सहयोग र विश्वासले नै परिवर्तन सम्भव छ, र यो परिवर्तन अब मोडल टाउनको जनता धरातलमा देखिन्छ।

## 19 पाक-अफगान संघर्ष

अफगान तालिबानले पाकिस्तानमा भएको हमलाको ज़िम्मेदारी लिएको छ। यी हमलमा अन्ठाउन्न पाकिस्तानी सैनिक मारिएका थिए। तालिबानले यसलाई पक्तिका प्रान्तमा भएको पाकिस्तानी हवाई हमलामा **जवाबी कार्रवाई** बताएको छ। तालिबान प्रवक्ता **जबीहुल्लाह मुजाहिद**-ले बताउनुभयो, यस हमलामा केही सीमावर्ती ठिकानालाई निशाना बनाइयो र तिस पाकिस्तानी सैनिक घायल पनि भए भने नौ तालिबान लड़ाकु मारिए र अठाह्र जना घाइते भए। पछिलो हप्ता काबुलमा भएको विस्फोट र अफगान क्षेत्रमा पाकिस्तान द्वारा कथित बमबारी पछि तनाव बढ़ेको थियो । पाकिस्तानले , अफगानिस्तानमा **तहरीक-ए-तालिबान पाकिस्तानको** आतङ्कवादीहरूलाई आश्रय दिने आरोप लगाइरहेकोछ भने तालिबानले यी आरोपलाई अस्वीकार गरेकोछ। तनावका कारण तोरखम र चमनमा प्रमुख सीमा चौकीहरू बन्द गरिएको छ जसले केही वाहन फसेका छन् भने यस बीच सऊदी अरब र कतरले दुबै देशले संयम अप्नाउने र बातचीतका माध्यमले तनाव सुलझाने आग्रह गरेकोछ ।

## 19. एनएसजी -साइक्लोथन

आज राष्ट्रीय सुरक्षा गार्ड-एन.एस.जी को स्थापना दिवसमा छब्बीस विशेष कम्पोजिट समूह –एस.सी.जीले छब्बीस नवेम्बरको मुम्बई आतङ्की हमलामा वीरगति प्राप्त र अशोक चक्रले सम्मानित मेजर संदीप **उन्नीकृष्णन् -को** स्मृतिमा मुम्बईमा साइक्लोथनको आयोजना गर्यो। यसको उद्देश्य सर्वाइकल केन्सर

र फिट इण्डिया अभियानलाई लिएर जागरूकता बढाउनु हो। कार्यक्रममा ढाई सय भन्दा अधिक साइकल चालकहरूका साथ एनएसजी कर्मीहरूले पनि भागीदारी लिए ।

## बांग्लादेश - आईसीटी

बांग्लादेशी सेनाले भनेकोछ, अन्तर्राष्ट्रीय अपराध न्यायाधिकरण-आई.सी.टी द्वारा जबरन गुमशुदगी र मानवताका विरुद्ध अपराधमा सन्लिप्तताका लागि पन्द्रह अधिकारीहरू विरूद्ध गिरफ्तारी वारन्ट जारी गरेर उनीहरूलाई हिरासतमा लिएकोछ। मेजर जनरल मोहम्मद हकीमुज्जमां-ले भन्नुभयो, हिरासतमा लिइएकाहरूमा चौधजना वर्तमानमा सेवारत अधिकारी हुन् र एकजना सेवानिवृत्ति सम्म अवकाश-एल.पी.आर-मा छन् । मेजर जनरल कबीर नामक एक अन्य अधिकारीले सेनाको नोटिसको उत्तर दिएको छैन भने उनलाई भेटिएको छैन । आई.सी.टी-ले बुधवार अवामी लीग सरकारमा विपक्षी नेताहरू लापता हुने र उनीहरूलाई प्रताड़ित गर्नेसंग जोड़ीएको दुई अलग-अलग मामिलमा तिसजना जना व्यक्ति विरूद्ध वारेन्ट जारी गर्यो ।

## महाराष्ट्र-मुख्य न्यायाधीश न्यायालय भवन उद्घाटन

भारतका मुख्य न्यायाधीश न्यायमूर्ति भूषण रामकृषन गवईले आज महाराष्ट्रको रत्नागिरी जिलाको मन्दन गढ तालुकामा नयाँ सिविल र आपराधिक न्यायालय

भवनको उद्घाटन गर्नुभयो । उहाँले समाजको अन्तिम व्यक्ति सम्म न्याय पुर्याउने महत्वमा र प्रकाश पार्नुभयो र भन्नुभयो  न्याय सुलभ, कुशल र डा. बाबासाहेब अम्बेडकर द्वारा निर्धारित सिद्धान्तमा आधारित हुनुपर्छ।

## 13 जाली नोट रैकेट

तेलंगानामा पुलिसले जाली मुद्रा र ेकेटको भण्डाफोड़ गर्दै कामारेड्डी जिल ाबाट बाह्र  सदस्यीय अन्तर राज्यीय गिरोहका आठजनालाई गिरफ्तार गर्यो । जिला पुलिस अधीक्षक एम राजेश चन्द्रले यसक ा लागि विशेष टीमको गठन गरेको थियो । आरोप ीहरूलाई बिहार र पश्चिम बंगाल सहित विभिन्न राज्यबाट गिरफ्तार गरुएकोछ ।